# ङादी ग्रुप पावर लिमिटेड
# Ngadi Group Power Limited

वडा नं.३२, अनामनगर, काठमाण्डौं, नेपाल
फोन नं.: ४२३८१५९, फ्याक्स नं.: ४३७३०२०
इमेलः info@siurihydro.com वेभसाइट : www.siurihydro.com

को

## शेयरधनीहरुले हितग्राही खाता नम्बर (Demat Account Number) उपलब्ध गराउने सम्बन्धी जानकारी

मिति २०७२/१०/०१ गतेदेखि लागु हुने गरी श्री नेपाल धितोपत्र बोर्डले धितोपत्रको दोश्रो बजारमा डिम्याट गरिएको शेयर मात्र खरिद बिक्री हुने व्यवस्था गरेको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अवगतै छ।

सोही सम्बन्धमा यस लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा निष्कासन गरिएको डादी ग्रुप पावर लिमिटेडको मिति २०७३/२/१२ गते बाँडफाँट गरिएको व्यहोरा अवगतै छ।

यसर्थ, हालको व्यवस्था बमोजिम धितोपत्रको दोश्रो बजारमा अभौतिकृत धितोपत्र मात्र करोवार गर्न सकिने व्यवस्था रहेकोले सबै शेयरधनी महानुभावहरुको हितलाई ध्यानमा राखि डादी ग्रुप पावर लिमिटेडको आवेदन फारममा हितग्राही खाता नम्बर (Demat Account Number) उल्लेख नगर्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यो सूचना जारी गरेको मितिले १५ दिन भित्र आफ्नो हितग्राही खाता नम्बर उपलब्ध गराई दिनु हुन विनम्र अनुरोध गर्दछौं। हितग्राही खाता उपलब्ध गराउँदा आवेदन फारामको अर्धकट्टी (रसिद)/बाँडफाँट पत्रको फोटोकपी अनिवार्य पेश गनुपर्ने छ।

साथै उपत्यका बाहिरबाट आवेदन दिनुहुने शेयरधनी महानुभावहरुले एनआईबिएल क्यापिटल मार्केट्स लि. वा आफुले दरखास्त बुझाएको सम्बन्धित संकलन केन्द्रहरु मार्फत उक्त हितग्राही खाता नम्बर उपलब्ध गराउँन सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

डादी ग्रुप पावर लिमिटेडको शेयर प्रमाणपत्र भौतिक रुपमा नै प्राप्त गर्न चाहनुहुने शेयरधनी महानुभावहरुलाई सोही व्यहोराको निवेदन उपत्यका भित्रबाट आवेदन दिनेहरुको हकमा यस एनआईबिएल क्यापिटल मार्केटस लिमिटेडमा र उपत्यका बाहिरबाट आवेदन दिनुहुने शेयरधनी महानुभावहरुले यस लिमिटेडमा वा सम्बन्धित संकलन केन्द्रमा निवेदन पेश गर्नुहुन विनम्र अनुरोध गर्दछौं।

हालसम्म हितग्राही खाता (Demat Account) नखोलेका आवेदक/शेयरधनी महानुभावहरुको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौं वा नेपाल इन्भेष्टमेण्ट बैंक लि. को सम्पूर्ण शाखा कार्यालयहरु तथा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त निक्षेप सदस्यहरुबाट उक्त खाता खोल्न सकिने व्यहोरा जानकारी गराउँदछौं।

हितग्राही खाता उपलब्ध गराउने सम्बन्धी फाराम कम्पनीको Website : www.siurihydro.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website : www.niblcapital.com बाट Download गरी वा आफुले दरखास्त बुझाएको सम्बन्धित संकलन केन्द्रमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**NIBL CAPITAL**
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
**(A Subsidiary of Nepal Investment Bank Limited)**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com